फ्याक्स:-०९९-५४००१०

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## झलारी, कञ्चनपुर
### सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या : २०७७/७८ मिति : २०७८/०२/१९

च.न.: 2554

**विषय : बार्षिक मूल्याकंन तथा नतिजा प्रकाशन सम्वन्धमा ।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सवै ,
शुक्लाफाँटा नगरपालिका ,झलारी ,कञ्चनपुर ।

उपर्युक्त सम्वन्धमा कोभिड –१९ को नयाँ भेरियन्ट सहितको दोस्रो लहर तिब्र रुपमा फैलिरहेको अवस्थामा भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्न सक्ने स्थिति नरहेको देखिन आएकाले यस शुक्लाफाँटा नगरपालिकाको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) समितिको मिति २०७८/०२/१९ को बैठकबाट र अन्य कक्षाहरुको हकमा यस कार्यालयको मिति २०७८/०२/१९ को निर्णयानुसार बार्षिक मुल्याकंन तथा नतिजा प्रकाशन सम्वन्धमा नेपाल सरकार ,प्रदेश सरकार तथा स्थानिय तह वाट जारी गरीएका जनस्वास्थ्य सम्वन्धी मापदण्डको पुर्ण रुपमा पालना गर्ने गरि देहाय वमोजिम गर्ने गराउने निर्णय भएकोले सोहि अनुसार गर्न गराउन हुन अनुरोध छ ।

**आधारभुत तह (कक्षा १–७)**

- कक्षा १–३ मा उदार कक्षाउन्नतिको आधारमा कक्षोन्नतीको व्यवस्था गर्ने ।
- कक्षा ४–५ मा शैक्षिक सत्र २०७७ मा लिइएको पहिलो र दोस्रो त्रैमासिक परीक्षाका आधारमा ५० प्रतिशत र निरन्तर विद्यार्थी मूल्याकंनका आधारमा ५० प्रतिशतका आधारमा गर्ने ।
- कक्षा ६–७ मा शैक्षिक सत्र २०७७ मा लिइएको पहिलो र दोस्रो त्रैमासिक परीक्षाका आधारमा ६० प्रतिशत र निरन्तर विद्यार्थी मूल्याकंनका आधारमा ४० प्रतिशतका आधारमा गर्ने ।
- नतिजा प्रकाशन २०७८ जेष्ठ मसान्त सम्म गर्ने ।

**आधारभूत तह (कक्षा –८)**

- शैक्षिक सत्र २०७७ मा विद्यालयले सञ्चालन गरेको पहिलो र दोस्रो त्रैमासिक परीक्षाको सैद्धान्तिक तर्फ ८० प्रतिशत मूल्याकंन र विषय शिक्षकको २० प्रतिशत आन्तरिक मूल्याकंनको आधारमा नतिजा तयार गर्ने ।
- प्रयोगात्मक परीक्षाको प्राप्ताकं विद्यालयले सञ्चालन गरेको प्रयोगात्मक परीक्षा बमोजिम हुने ।
- सैद्धान्तिक र प्रयोगात्मक प्राप्ताकं सम्वन्धित विद्यालयको Excel Based Achievement Fille मा प्रविष्टि गरि २०७८ जेष्ठ मसान्त सम्म अपलोड गर्ने ।
- कक्षा ८ को हकमा सिम्बोल न.कायम गर्दा **०७७ सम्वन्धित विद्यालयको IEMIS CODE र ००१** देखि सुरु गरेर कायम गर्ने ।

**माध्यमिक तह (कक्षा –९)**

- शैक्षिक सत्र २०७७ मा विद्यालयले सञ्चालन गरेको पहिलो र दोस्रो त्रैमासिक परिक्षाको सैद्धान्तिक तर्फ ८० प्रतिशत मूल्याकंन र विषय शिक्षकको २० प्रतिशत आन्तरिक मूल्याकंनको आधारमा जेष्ठ मसान्त सम्म नतिजा तयार गरी प्रकाशन गर्ने ।

पुनश्चः आन्तरिक मूल्याकंनका आधारहरुका रुपमा विद्यार्थी उपस्थिति ,अनुशासन र सिर्जनात्मक कार्य लाई आधार मान्ने ।

प्रमुख प्रशासकीय अधिकृत